# सभापोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८२।०२।१४
बैठक प्रारम्भ:

बैठक संख्या : २४
बैठक समापन समय :

आ.व. ०८१।०८२ को २४ औ कार्यपालिका बैठक मिति २०८२।०२।१४ गते बुधबारका दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यूको अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राज कुमार राई | वडाध्यक्ष वडा नं.२ | | |
| ५. | श्री दिल बहादुर तामाङ | वडाध्यक्ष वडा नं.३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनि कुमार राई | का.वा.वडाध्यक्ष वडा नं.५ | | |
| ८. | श्री जितेन्द्र वनेम फागो | वडाध्यक्ष वडा नं.६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | कविता | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | बेल कुमारी | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

प्रमुख प्रशासकीय अधिकृत

# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८२।०२।१४ | बैठक संख्या : २४

बैठक प्रारम्भः | बैठक समापन समय :

### कर्मचारी उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपा सापकोटा | प्रशासन अधिकृत | | |
| २ | श्री हरिकिरण बस्नेत | लेखा अधिकृत | | |
| ३ | श्री जेसिका तामाङ | का.स. | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| | | | | |

प्रमुख प्रशासकीय अधिकृत

## सभापोखरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०२।१४ मा बसेको बैठकको प्रस्ताव र

### निर्णयहरु:-

<table>
<tr><th>क्र.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>गाउँसभा संचालन तालिका सम्बन्धमा।</td><td>प्रस्ताव माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिकाको गाउँसभा संचालन गर्न तपसिलको बमोजिमको मिति तय गर्ने निर्णय गरियो।<br><u>तपसिल:-</u>
<table>
<tr><th>सि नं</th><th>मिति</th><th>विवरण</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२०८२।०२।२९</td><td>कार्यपालिकाबाट नीति तथा कार्यक्रम मस्यौदा स्वीकृत</td><td></td></tr>
<tr><td>२</td><td>२०८२।०२।३१-<br>२०८२।०३।०२</td><td>विषयगत समिति बैठक</td><td></td></tr>
<tr><td>३</td><td>२०८२।०३।०५</td><td>गाउँसभा आव्हान (गाउँसभामा निती तथा कार्यक्रम प्रस्तुत)</td><td></td></tr>
<tr><td>४</td><td>२०८२।०३।०७<br>सम्म</td><td>वडा स्तरिय आयोजना छनौट गरि गाउँपालिकामा पेश गर्ने</td><td></td></tr>
<tr><td>५</td><td>२०८२।०३।०८</td><td>एकिकृत योजना तर्जुमा गोष्ठी</td><td></td></tr>
<tr><td>६</td><td>२०८२।०३।०९</td><td>कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत</td><td></td></tr>
<tr><td>६</td><td>२०८२।०३।१०</td><td>गाउँसभामा बजेट तथा कार्यक्रम पेश।</td><td></td></tr>
</table></td></tr>
<tr><td>२</td><td>सभापोखरी गाउँपालिकाको प्रशासनीक भवन निर्माण ठेक्का नं. SPRM/ABS/NCB/01/080/81 को रकम भूक्तानी सम्बन्धमा।</td><td>प्रस्ताव माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिकामा निर्माणाधिन सभापोखरी गाउँपालिकाको प्रशासनीक भवन निर्माण ठेक्का नं.SPRM/ABS/NCB/01/080/81 को २०८२।०२।०८ मा दोस्रो रनिङ्ग बिलको मुल्यांकन रु १,३८,९९,६४३।३४ पेश भएको मध्ये बमोजिम पालिकाले व्यहोर्ने रकम रु ५२,४३,००२।- मात्र बाँकी रहेको बजेट उपशिर्षक नं. ३४७०२१०६४ स्थानीय तह पुर्वाधार विकास कार्यक्रमबाट बेहोर्नु पर्ने रकम विनियोजन तथा निकासा नभएकोले बाँकी रकम व्यवस्थापन पश्चात वा आगामी आ.व. २०८२।०८३ मा भुक्तानी हुने गरी हाललाई उपलब्ध विनियोजन रकम रु ५२,४३,००२।०० भुक्तानी गर्ने निर्णय पारित गरियो।</td></tr>
<tr><td>३</td><td>मनोपरामर्श कार्यक्रम संचालन सम्बन्धमा।</td><td>प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आयोजनामा मिति २०८२।०२।१८ गते जिल्ला समन्वय समितिको कार्यालय संखुवासभाको सभाहलमा संचालन हुने मनोपरामर्श सम्बन्धी जिल्ला स्तरिय अभिमुखिकरण कार्यक्रमको रकम बजेट उप शिर्षक नं. ८०१०४५०४११२ सामाजिक विकास कार्यक्रम खर्च शिर्षक नं. २२५२२ मनोपरामर्श सम्बन्धी जिल्ला स्तरीय गोष्ठीमा विनियोजन भएको रकम जिल्ला समन्वय समितिको कार्यालय संखुवासभालाई भुक्तानी दिने निर्णय पारित गरियो।</td></tr>
<tr><td>४</td><td>५ शैयाको आधारभुत फायर हाउस (Fire House) को जस्ता पाता खरिद र मिटर बक्स जडान सम्बन्धमा।</td><td>प्रस्ताव माथी छलफल गर्दा ५ शैयाको आधारभुत फायर हाउस (Fire House) को जस्ता पाता खरिद र मिटर बक्स जडानको लागि लागि बजेट उपशिर्षक ८०१०४५०४१०१ सभापोखरी गाउँपालिका प्रशासनिक खर्च तथा कार्यालय संचालन, खर्च शिर्षक नं. २२२३१ निर्मित सार्वजनिक सम्पत्ति मर्मत संभार खर्चबाट रकमान्तर गरि खर्च गर्ने निर्णय पारित गरियो।</td></tr>
<tr><td>५</td><td>राष्ट्रिय परिचय पत्र वितरण शिविर संचालन कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा।</td><td>प्रस्ताव माथी छलफल गर्दा राष्ट्रिय परिचय पत्र वितरण शिविर संचालन कार्यक्रममा खर्च भएको रकम रु २,२१,७८५ ( दुई लाख एकलाख एक्काइस हजार सात सय पचासी) बजेट उपशिर्षक ८०१०४५०४१०१ सभापोखरी गाउँपालिका प्रशासनिक खर्च तथा कार्यालय संचालन, खर्च शिर्षक नं. २२६११ अनुगमन, मुल्याङ्कन खर्चबाट रकमान्तर गरि खर्च गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>६</td><td>रकमान्तर सम्बन्धमा।</td><td>• प्रस्ताव माथी छलफल गर्दा सभापोखरी गाउँपालिकामा तपशिलका सामाग्री खरिद गरिएकोले उक्त कार्यको रकम बजेट उपशिर्षक ८०१०४५०४१०२ सार्वजनिक सेव तथा क्षमता विकास कार्यक्रम खर्च शिर्षक नं २२४१३ वडा मेलमिलापकर्त परिचालनबाट रकमान्तर गरि खर्च गर्ने निर्णय गरियो।</td></tr>
</table>

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०२।१४ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-

| | | |
|---|---|---|
| | | 1. न्यायिक समिति अन्तर्गत वडा मेलमिलाप केन्द्र संचालनको लागि प्रत्येक वडामा ६ वटा दराज खरिद गरिएको रकम रु ९४,९२०।– (अक्षरुपी रु चौरानब्बे हजार नौ सय बीस)<br>2. न्यायिक समितिको लागि खरिद गरिएको २ थान ल्यापटप<br>3. बैठक कक्षको लागि खरिद गरिएको सोफा<br>प्रस्ताव माथी छलफल गर्दा सभापोखरी गाउँपालिकाको बैठक कक्षमा ए.सी. (AC) खरिद गरि जडान गरिएकोले उक्त कार्यको रकम बजेट उपशिर्षक ८०१०४५०४१०२ सार्वजनिक सेवा तथा क्षमता विकास कार्यक्रम, खर्च शिर्षक नं २२४१३ न्यायिक समिति कर्मचारी व्यवस्थापनबाट रकमान्तर गरि खर्च गर्ने निर्णय गरियो । |
| ७ | आगोलागी पुनर्स्थापनाको पिडित लागि गाउँपालिकास्तरीय विपद व्यबस्थापन कोषमा नगद आर्थिक सहयोग सम्बन्धमा । | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिका अन्तर्गतका वडा नं ६ को नयाँ बस्ती बजारमा २०८१ साल माघ २ गते बुधबार अचानक आगोलागी भई ५ घर पूर्णरुपमा क्षती भएकोमा निर्मला कालाखेती तामाङको २ घर र अन्य ३ घर परिवारहरु पिडित हुनुभएकोमा मिति २०८१।१०।०४ गतेको कार्यपालिका बैठक र विपद व्यवस्थापन समितिको बैठकमा श्री निर्मला कालाखेती तामाङ, लाल बहादुर लिम्बु, राम बहादुर राईलाई निर्माण कार्य सुरु भए पश्चात दुई किस्तामा रु १,००,०००।– (एकलाख ) का दरले आर्थिक सहायत दिने निर्णय भएको तर उक्त निर्णयमा श्री अमृता लिम्बु सभापोखरी ६ संखुवासभाको नाम छुट भएकाले निज श्री अमृता लिम्बुलाई समेत विपद व्यवस्थापन कोषबाट रु १,००,०००।- (एक लाख मात्र) एकमुसष्ट आर्थिक सहायता दिने मिति २०८२।०२।१३ गतेको विपद व्यवस्थापनको निर्णय समेत भएकाले सोहि निर्णय पारित गर्ने निर्णय पारित गरियो । |
| ८ | वडा नं. २ वडा कार्यालयको मर्मत सम्बन्धमा। | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा मिति २०८१।०२।०१ गते राति आएको पानी सहितको हावाहुरीले सभापोखरी गाउँपालिकाको वडा नं. २ को वडा कार्यालयको छाना उढाएर क्षति गरेको हुनाले उक्त छानाको निर्माणको लागि भएको खर्च रकम रु ८९,२१८।०५ बजेट उपशिर्षक ८०१०४५०४१०१ सभापोखरी गाउँपालिका प्रशासनिक खर्च तथा कार्यालय संचालन, खर्च शिर्षक नं. २२२३१ निर्मित सार्वजनिक सम्पत्ति मर्मत संभारबाट रकमान्तर गरि खर्च गर्ने निर्णय गरियो । र सो रकम मध्ये जस्ता र काटीको रकम कट्टा गरि बाँकी रकम सभापोखरी गाउँपालिका वडा नं. २ का वडा सचिव श्री रघुनाथ पोखरेल मार्फत भुक्तानी दिने निर्णय गरियो । |
| ९ | राहात वितरण गर्ने सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा मिति २०८२।०२।१३ गतेको विपद व्यवस्थापन समितिको बैठक निर्णय अनुसार २०८२ साल बैशाख ३१ गतेको असिनापानी र ज्येष्ठ २ गतेको अविरल वर्षाबाट सभापोखरी गाउँपालिका वडा नं ३ को इथुम्बु र फुकाम क्षेत्रमा भएको अन्नबालीको क्षति र वडा नं ४ को यक्स्वा खोला आसपासको क्षेत्रमा भलबाढीबाट भएको क्षतिको स्थलगत मूचुल्का अनुसार विपदबाट पिडित प्रति घर परिवारलाई १/१ बोरा चामल राहत स्वरुप वितरण गर्ने विपद व्यसवस्थापन कोष कार्यक्रम शिर्षक बाट खर्च गर्ने निर्णय पारित गरियो । |
| १० | खेलाडी सहभागी व्यवस्थापनको लागि रकम भुक्तानी सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा षडानन्द नगरपालिकामा संचालन हुने षडानन्द मेयर कप २०८२ जेष्ठ १७ गते देखि २० गते सम्म संचालन हुने भलिबल प्रतियोगितामा सभापोखरी गाउँपालिकाबाट सहभागी हुने खेलाडीहरुलाई व्यवस्थापन गर्नको लागि अन्य संस्था सहायला खर्च शिर्षक २५३१५ बाट रु २५,०००।- ( पच्चिस हजार मात्र) टिम व्यवस्थापक श्री अमिस गुरुङलाई भुक्तानी दिने निर्णय पारित गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०२।१४ मा बसेको बैठकको प्रस्ताव र
निर्णयहरुः-

| | | |
|---|---|---|
| १२ | आर्थिक सहायता सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा देहायका व्यक्तिहरुलाई निम्न अनुसार आर्थिक सहायता दिने निर्णय गरियो।<br>तपसिलः<br>१. देवी प्रसाद कोइराला, सभापोखरी -१ रकम रु रु १८,०००।- हावाहुरी तथा वर्षाको क्षति<br>२. दिल कुमारी राई, सभापोखरी -१ रकम रु रु १८,०००।- हावाहुरी तथा वर्षाको क्षति<br>३. भिम बहादुर तामाङ, सभापोखरी -२, रकम रु ७,०००।– उपचार खर्च |

**प्रस्ताव नं. १३ न्युनतम घर जग्गाको मुल्याङ्कन दररेट सम्बन्धमा।**

प्रस्ताव १३ माथि छलफल गर्दा मालपोल कार्यालय खादँबारीबाट आ.व. ०८२।०८३ को लागि रजिष्ट्रेसन पारित प्रयोजनार्थ न्युनतम घर जग्गा मुल्याङ्कन दररेट सिफारिस गरिदिनु हुन भनी माग भएकोमा आ.व. ०८२।०८३ मा तपशिल अनुसार मुल्यांकन दर कायम राख्ने निर्णय गरियो।

- सभापोखरी गा.पा. साविक धुपु गा.वि.स. बजार क्षेत्रको जिरो प्वइन्ट देखि स्वामी धारासम्मका लागि खादँबारी बाहबिसे सडक खण्डमा जोडिएका घडेरीयोग्य जगाहरु प्रति वर्ग मिटर रु १५००।– (एक हजार पाचँ सय )
- सभापोखरी गा.पा.वडा नं. ३ बाहबिसे बजारको पिखुवा बाहबिसे सडक खण्डको लंखुवा पुलदेखि सभाखोला पुलसम्मको घडेरी योग्य जग्गा प्रति वर्ग मिटर रु २०००।०० (दुई हजार)
- बाहबिसे बजारको दोश्रो (तल्लो) लाईन प्रति वर्ग मिटर रु २०००।०० (दुई हजार)
- खाँदवारी सभापोखरी सडक खण्डको पाङ्डाखोला देखि आपटारी सम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु ५००।०० (पाचँसय)
- खाँदवारी सभापोखरी सडक खण्डका आपटारी देखि जिरो प्वइन्ट सम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १००० (एक हजार)
- डके बाहबिसे सडक खण्डको स्वामीधारा देखि कटेल चौतारा सम्मका सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १००० (एक हजार)
- डके चौकदेखि वडा कार्यालय जाने बाटोको भुपाल चौक सम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १००० (एक हजार)
- साबिक धुपु गा.बि.स.को वडा नं. ३ र ४ को वडा कार्यालयदेखि जनजागृति आ.बि.सम्मका सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १००० (एक हजार)
- डके बाहबिसे सडकको कटेलचौक देखि धुपुखोला सम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु ३००।०० (पाचँ सय)
- डके बाहबिसे सडकको धुपुखोला देखि लिम्बुटार खोल्सा सम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १५००।०० ( एक हजार पाँचसय)
- डके बाहबिसे सडकको लिम्बुटार खोल्सा देखि सभाखोला पक्की पुलसम्मका सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु २०००।०० (दुई हजार)

CamScanner

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०२।१४ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

- डके बाहबिसे सडक खण्डको सभाखोला पक्की पुलदेखि खयरबारी सम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १५००।०० (इक हजार पाचँ सय)
- डके बाहबिसे सडक खयरबारी देखि प्रहरी चौकी भवन सम्म सडकमा छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १५००।०० (इक हजार पाचँ सय)
- डके बाहबिसे सडक प्रहरी चौकी देखि भोटीखोला सम्मका सडकले छोएका घडेरीयोग्य जग्गाहरु प्रति वर्ग मिटर रु ३०००।०० (दुई हजार)
- जिरो प्वइन्ट देखि बत्तिसे गुठीलाईन चैनपुर मोटरबाटोले छोएका बत्तिसे खोल्सी सम्मका घडेरी योग्य जग्गाहरु प्रति वर्ग मिटर रु ३०००।०० (दुई हजार)
- तामिङ जाने जिरो प्वइन्ट चोक देखि खोक्राङसम्मका मोटरबाटोले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १२००।०० ( एक हजार दुई सय)
- बत्तिसे खोल्सी देखि तामिङ जाने चोक सम्मका घडेरी योग्य जग्गा प्रति वर्ग मि. रु १५००।– (एक हजार पाचँ सय मात्र)
- सभापोखरी गा.पा.(साविक सभापोखरी गा.वि.स वडा नं. २) भोटी खोला देखि सातविसे खोल्सी सम्म सडकले छोएको घडेरी योग्य जग्गा प्रति वर्ग मिटर रु २५०० ( दुई हजार पाचँ सय )
- पित्लुङ जाने जिरो प्वइन्ट देखि त्रिवेणी मा.वि. सम्मको सडकले छोएको जग्गा प्रति वर्ग मि. रु १५००।– (एक हजार पाचँ सय मात्र)
- सभापोखरी गा.पा.(साविक सभापोखरी गा.वि.स. वडा नं. ४) को बत्तिसे, सिमले र बजार श्रीवका अन्य प्लटिङका बाटोले छोएका घडेरीयोग्य जग्गाहरु प्रति वर्ग मिटर रु २५००।०० ( दुई हजार पाचँ सय )
- सभापोखरी गा.पा.का बाँकी अन्य सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु ५००।०० (पाचँ सय)
- साबिक बाहबिसे गा.बि.स. वडा नं. ४ को अँधेरी खोल्सा, दिदिङ बेसी हुँदै टुवागाउँ, पिलुवा, टोकेसिं सम्मका सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १०००।०० (एक हजार)
- साबिक सभापोखरी गा.बि.स. वडा नं.१ भुथानदेखि संसारी डाँडासम्म, स्वाची देउराली मोटरबाटोले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु ५०००।०० (पाचँसय)
- साबिक सभापोखरी गा.वि.स. वडा नं. ४ को चालिसे नेपाने सडक खण्डको चेम्पुवा खोला देखि संसारी डाँडासम्मको सडकले छोएका जग्गाहरु प्रति वर्ग मिटर रु १०००।०० (तीनसय)
- सभापोखरी गाउँपालिका वडा नं. ३ साविक बाहबिसे गा.वि. स. बजार क्षेत्र भित्र का ( प्रकरण १.२) तपशिल बमोजिमका कित्ता नं. जग्गाहरु प्रति वर्ग मिटर २५००।–( दुई हजार पाचँ सय मात्र)
- सभापोखरी गाउँपालिका वडा नं. १ साविक धुपु गा.वि. स. बजार क्षेत्र भित्र का (प्रकरण १.३) तपशिल बमोजिमका कित्ता नं. जग्गाहरु प्रति वर्ग मिटर १५००।–( एक हजार पाचँ सय मात्र)
- सभापोखरी गाउँपालिका वडा नं. ६ साविक सभापोखरी गा.वि. स. बजार क्षेत्र भित्र का (प्रकरण १.४) तपशिल बमोजिमका कित्ता नं. जग्गाहरु प्रति वर्ग मिटर २५००।–( दुई हजार पाचँ सय मात्र)